# नेपाली कवितामा समकालीनता : एक विमर्श

राजेश विद्रोही[1]

**सारतत्त्व**

यस आलेखमा नेपाली कवितामा समकालीनताबारे विश्लेषणात्मक अध्ययन गरिएको छ । नेपाली कवितामा समकालीनताबारे व्यक्त विभिन्न तर्क र धारणाहरूको विश्लेषणात्मक अध्ययन गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । अहिलेसम्म विश्वविद्यालयको पठनपाठन तथा प्राज्ञिक विमर्शहरूमा २०३० को दशकलाई नै नेपाली कवितामा समकालीनताको आरम्भ विन्दु मान्ने गरिए पनि यो अवधारणा अब उचित नहुने यस अध्ययनको निष्कर्ष छ । साहित्यमा दुई-अढाइ दशकको समयखण्डलाई समकालीन भन्न सकिने सामान्य सिद्धान्त र नेपाली कविताका प्रवृत्तिगत आधारमा पनि अब २०३० को दशकलाई समकालीन नेपाली कविताको आरम्भ विन्दु मान्न नहुने यस अध्ययनको निष्कर्ष छ । वि.सं. २०५२ मा सुरु भएको माओवादी सशस्त्र द्वन्द्वपछि विकसित सामाजिक-राजनीतिक परिवेशमा लेखिएका कविताहरूको प्रवृत्तिगत अध्ययन र विश्लेषणबाट २०५२ साल नै समकालीन नेपाली कविताको आरम्भ विन्दु भएको निष्कर्षमा पुगिएको छ ।

*मुख्य शब्दहरू* : समकालीन, जनजाति, संस्कृति, आलोचनात्मक यथार्थवाद ।

## १. परिचय

नेपाली कवितामा समकालीनताको निर्क्योल निकै पेचिलो विषय बनेर आउने गरेको छ । विश्वविद्यालयको पठनपाठन तथा प्राज्ञिक विमर्शहरूमा अहिले पनि २०३० को दशकलाई नै नेपाली कवितामा समकालीनताको आरम्भ विन्दु मान्ने गरिएको छ तर समकालीनतालाई चार-पाँच दशकसम्म तन्काउनु त्यति सान्दर्भिक र उचित देखिँदैन । यसबीचमा सामाजिक-राजनीतिक रूपमा ठूल्ठूला उथलपुथल भएको मात्र होइन, यस्ता सामाजिक-राजनीतिक आन्दोलनको प्रभावबाट नेपाली कविताको स्वर र प्रवृत्तिमा पनि निकै परिवर्तन आएको स्पष्ट छ । त्यसकारण अब नेपाली कविताको समकालीनतालाई पुनःनिर्धारण गर्नु आवश्यक भइसकेको छ ।

आधुनिक नेपाली कवितामा २०३६ साललाई समकालीनताको प्रारम्भ विन्दु मान्ने गरिएको छ । 'सडक कविता क्रान्ति' (२०३६) लाई समकालीन नेपाली कविताको निर्धारक आधार वा आरम्भ विन्दु मान्नुपर्ने गौतम (२०६०, पृ.५२) को ठम्याइ छ । त्यसयता पनि सामाजिक र मूलतः राजनीतिक रूपमा देशमा महत्त्वपूर्ण परिघटनाहरू भएका छन् । २०४६ सालको पहिलो जनआन्दोलनको सफलतापछि जारी गरिएको नेपाल अधिराज्यको संविधान २०४७ एउटा मुख्य उपलब्धि थियो । यो संविधानले पहिलोपल्ट मुलुक बहुजातीय र बहुभाषिक भएको स्वीकार गर्दै केही भाषिक तथा सांस्कृतिक अधिकारहरू पनि सुरक्षित गरेको थियो । त्यसपछि चलेको माओवादीको दशवर्षे सशस्त्र आन्दोलन (२०५२-२०६२), २०६२/०६३ को दोस्रो जनआन्दोलन, २०६३ को माघमा भएको मधेस विद्रोह तथा आदिवासी जनजाति, थारू, मुस्लिमलगायतका अल्पसङ्ख्यक र सीमान्तकृत समुदायका अनेक आन्दोलनहरूले नेपालको सामाजिक-राजनीतिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यी आन्दोलनहरूको प्रभाव कुनै न कुनै रूपमा साहित्यिक लेखनमा पनि पर्नु स्वाभाविक नै हो । साहित्यकारहरू पनि यही समाजका अभिन्न अङ्ग भएकाले सामाजिक-राजनीतिक परिघटनाहरूबाट उनीहरू पनि प्रभावित

[1] उपप्राध्यापक, नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल ।
Email: *rajeshbidrohi@gmail.com*

हुन्छन् । त्यसैकारण यी विशिष्ट परिघटनाहरूको प्रभाव समकालीन नेपाली कविताको स्वर र प्रवृत्तिमा पनि परेको पाइन्छ ।

तत्कालीन नेकपा (माओवादी) ले २०५२ फागुन १ गते सशस्त्र आन्दोलन थालेपछि यसको प्रभाव राज्यको हरेक पक्षमा परेको पाइन्छ । त्यसै क्रममा जनजातीय अस्तित्व र पहिचानको मुद्दा सतहमा आउन थालेको हो । त्यसै कालमा जनजाति समुदायका युवाकविहरू आफ्नो जातीय स्वत्व, पहिचान र आत्मसम्मानपूर्ण जीवनका लागि कविताको औजार बोकेर मैदानमा ओर्लिए । उनीहरूले आफ्ना कवितामा जनजातीय मिथक, प्रतीक र भाषाका शब्दहरूको प्रयोग गर्दै राज्यविरुद्ध असन्तुष्टि मात्र जनाएनन्, विद्रोहको हुङ्कार गरे । यो एक प्रकारले भाषिक एकाधिकारविरुद्धको विद्रोह थियो । राज्यको एकल भाषिक नीतिका कारण दमनमा परेका मातृभाषाहरूको संरक्षण गर्न ती कविहरूले यस्तो बाटो अपनाएका हुन् र यो प्रयोग निकै सार्थक पनि सिद्ध भएको छ । अहिले जनजातीय भाषाका थुप्रै शब्दहरूसँग गैरजनजाति समुदायका मानिसहरू पनि परिचित हुन थालेका छन् । त्यसैले यसलाई सार्थक प्रयोग मान्नुपर्छ । राज्यको विभेदकारी नीतिबाट आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक आदि विविध क्षेत्रमा चरम विभेदको सिकार बनेको आदिवासी जनजाति समुदायका कविहरूले विभेदको चर्को विरोध गर्दै आफ्ना कवितामा मातृभाषाका शब्दहरूको सुन्दर प्रयोग गरेका छन् । यही प्रयोगले समकालीन नेपाली कविता भिन्न आभा र सौन्दर्यका साथ प्रकट भएका छन् । यसले कवितामा सांस्कृतिक चेतनालाई पनि सघन र तीक्ष्ण बनाएको छ ।

आदिवासी जनजाति समुदायका कविहरूले दमन, उत्पीडन र विभेदका विरुद्धमा मात्र होइन, प्रकृति चित्रण, प्रेमको अभिव्यक्ति, सङ्घर्षपूर्ण ग्रामीण जीवन, विरह, वेदना र विसङ्गत जीवनका विविध पक्षको चित्रण गर्ने क्रममा पनि कवितामा जनजातीय भाषाका शब्द, मिथक र प्रतीकहरूको प्रयोग गरेका छन् । यसले समकालीन नेपाली कवितालाई फरक बान्की दिँदै अझ चम्किलो बनाउन र उजिल्याउन मद्दत गरेको छ । यसले नेपाली कवितालाई फरक शक्ति र सामर्थ्य प्रदान गरेको तथ्य निर्विवाद छ ।

## २. समस्या कथन

प्रारम्भदेखि अहिलेसम्म नेपाली कविताले विभिन्न चरण र मोडहरू पार गरेको छ । देशमा देखिएका विभिन्न सामाजिक-राजनीतिक आन्दोलनको प्रभावस्वरूप नेपाली कविताको मुख्य प्रवृत्ति र स्वरमा पनि बेला-बेलामा उल्लेख्य परिवर्तन देखिने गरेको छ । यही मुख्य प्रवृत्तिका आधारमा नेपाली कवितालाई विभिन्न चरण र मोडमा विभाजन गर्ने गरिएको छ । नेपाली कविताको पछिल्लो चरणलाई समकालीन, समसामयिक वा उत्तरवर्ती चरण भन्ने गरिएको छ तर यसको आरम्भ विन्दुबारे मतैक्य देखिँदैन । अतः यही तथ्यलाई मनन् गरी निम्न समस्यामा केन्द्रित भएर यो अध्ययन गरिएको छ :

क) नेपाली कवितामा समकालीनताको आरम्भ विन्दु कुन हो ?

ख) समकालीन नेपाली कविताको मुख्य प्रवृत्ति के हो ?

## ३. शोधको उद्देश्य

निम्न उद्देश्यमा केन्द्रित भएर यो शोध गरिएको छ :

क) नेपाली कवितामा समकालीनताको आरम्भ विन्दुको निरूपण गर्नु ।

ख) समकालीन नेपाली कविताका मुख्य प्रवृत्ति पर्गेल्नु ।

## ४. पूर्वकार्यको समीक्षा

कविता साहित्यको सर्वप्राचीन र सबैभन्दा बढी लेखिने विधा हो । त्यसैले अध्ययन पनि यसकै बारेमा बढी भएको छ । नेपाली भाषामा पनि सबैभन्दा बढी लेखिने विधा कविता नै हो । अध्येताहरूले पनि नेपाली कविताका विविध पक्षमा अध्ययन-अनुसन्धान गरेका छन् । नेपाली कवितामा समकालीनताका विषयमा पनि व्यक्तिगत तथा संस्थागत दुवै रूपमा अध्ययनका थुप्रै प्रयासहरू भएका छन् । नेपाली कवितामा समकालीनताको प्रारम्भ कुन विन्दुबाट भयो भन्ने विषयमा अध्येताहरूले आ-आफ्नै तर्क प्रस्तुत गरेका छन् । यीमध्ये नेपाली कवितामा समकालीनताबारे प्रकाश पारिएका प्रमुख अध्ययनहरू निम्नअनुसार छन् :

लक्ष्मणप्रसाद गौतमले आफ्नो ग्रन्थ 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण' (२०६०) मा नेपाली कवितामा समकालीनताको अर्थ र तात्पर्य उल्लेख गर्दै नेपाली कवितामा समकालीनताको प्रारम्भ विन्दुबारे तर्क प्रस्तुत गरेका छन् । यस कृतिमा गौतमले भनेका छन्- "त्यसकारण २०३६ को परिवर्तित सन्दर्भ र 'सडक कविता क्रान्ति' लाई समकालीन नेपाली कविताको निर्धारक आधार वा आरम्भ मान्नु समीचीन देखिन्छ" (पृ.५२) ।

समालोचक वासुदेव त्रिपाठीसहित तथा अन्य विद्वान्हरूको सम्पादनमा प्रकाशित 'नेपाली कविता भाग ४' (२०६५) मा वि.सं. २०३० को दशकलाई नै समकालीन नेपाली कविताको आरम्भ विन्दु मानिएको छ । यसमा २०३० को दशकको आरम्भबाट नै फरक प्रवृत्तिका कविताहरू लेखिन थालेको र यही समकालीनताको प्रारम्भ भएको उल्लेख छ । यसमा भनिएको छ-"...कालान्तरमा नितान्त नवप्रवृत्ति अँगाली अर्को नवधारा आएपछि सामान्यतः यो धारा पृष्ठभूमिमा जाने नै छ र त्यतिखेर यसका निम्ति अर्कै नामकरण अपेक्षित हुन्छ..." (पृ. १३४) ।

यसैगरी लक्ष्मणप्रसाद गौतमले आफ्नो अनुसन्धनात्मक समालोचना ग्रन्थ 'राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता' (२०६८) मा पनि नेपाली कवितामा समकालीनताको आरम्भ विन्दु 'सडक कविता क्रान्ति' (२०३६) लाई मानिएको छ । यसमा समालोचक गौतम (२०६८, पृ.९) ले राजनीतिक आन्दोलनका आधारमा नेपाली कविताको समकालीनतालाई चार चरणमा विभाजन गरेका छन् :

(१) पहिलो प्रारम्भिक चरण (२०३६)

(२) दोस्रो चरण (२०४६)

(३) तेस्रो चरण (२०५२/०५३)

(४) चौथो चरण (२०६२/०६३ यता)

अमर गिरी तथा अन्य विद्वान्हरूद्वारा सम्पादित 'प्रज्ञा समकालीन नेपाली कविताविमर्श' (२०७२) मा समकालीन नेपाली कविताका विभिन्न पक्षमा विमर्श गरिएका अध्ययनहरू सङ्कलित छन् । यस सङ्कलनमा डा. अभि सुवेदीको 'समकालीन नेपाली कवितामा जनजातीय चेतना' शीर्षकको अध्ययन सङ्कलित छ । सुवेदीले यस समालोचनामा स्पष्ट रूपमा समकालीनताको आरम्भ विन्दु नतोके पनि अध्ययनमा वि.सं. २०५२ पछि लेखिएका कविताहरू नै समेटिएका छन् । नेपालका जनजाति कविहरूद्वारा सृजित जनजातीय चेतनाको प्रतिबिम्बन भएका कविताहरूको निरूपण गर्दै समकालीन नेपाली कवितामा जनजातीय चेतना कसरी अभिव्यक्त भएको छ भन्ने उनले प्रष्ट्याएका छन् ।

यस्तै यसै सङ्कलनमा सङ्कलित 'समकालीन नेपाली कवितामा भूमण्डलीकरण' शीर्षकको समालोचनामा डा. अमर गिरीले नेपाल भूमण्डलीकरणको प्रवाहमा वि.सं. २०४० को दशकदेखि हेलिएको

उल्लेख गरेका छन् । उनले उक्त समालोचनामा २०४० यताकै कविताहरूको साक्ष्यमा निष्कर्ष प्रस्तुत गरेका हुँदा उनी २०४० को दशकयता समकालीन नेपाली कविताको कालखण्ड भएको पक्षमा रहेको देखिन्छ । यस्तै, सङ्कलनमा 'समकालीन नेपाली कवितामा राजनीतिक चेतना' शीर्षकको समालोचनामा डा. कुमारबहादुर कोइरालाले र 'समकालीन नेपाली कवितामा पर्यावरण' शीर्षकको समालोचनामा गीता त्रिपाठीले २०३६ लाई नै नेपाली कवितामा समकालीनताको आरम्भ विन्दु मानेका छन् ।

यसैगरी, प्रस्तुत ग्रन्थमा डा. ताराकान्त पाण्डेयले 'समकालीन नेपाली प्रगतिवादी कविताको वैचारिक अन्तर्वस्तु' शीर्षकको समालोचनामा पचासको दशकयताको अवधि नै नेपाली कविताको समकालीनता भएको तर्क प्रस्तुत गरेका छन् । डा. नेत्र एटमको 'समकालीन नेपाली कविताको शिल्पविधान' शीर्षकको समालोचनामा भने २०४६ सालको आन्दोलन एउटा कोसेढुङ्गा भएको तथा हरेक स्थापित र रुढ पक्षप्रति प्रश्नचिह्न लगाउने प्रस्थान विन्दु पनि यही अवधि भएको तर्क प्रस्तुत गर्दै यसै अवधिलाई समकालीनताको आरम्भ विन्दु मानिएको छ ।

अमर गिरीको 'समकालीन नेपाली कविताको वैचारिक परिप्रेक्ष्य' (२०७३) नामक कृतिमा समकालीन नेपाली कवितामा प्रतिध्वनित सांस्कृतिक चेतना, राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक स्वरजस्ता पक्षमा विश्लेषण गरिएको छ । यस ग्रन्थमा समकालीन नेपाली कविता, नयाँ सन्दर्भमा साहित्य, समकालीन नेपाली कवितामा राष्ट्रिय स्वाधीनता, समसामयिक कवितामा अभिव्यञ्जित लोकतान्त्रिक स्वर, समकालीन प्रगतिवादी नेपाली कविताको अन्तर्वस्तुमा वर्गद्वन्द्व शीर्षकका आलेखहरू समेटिएका छन् ।

गिरीले यस कृतिमा समकालीन कवि हुनका निम्ति समकालीनताको अभिव्यक्ति एक मुख्य अभिलक्षण भएको चर्चा गरेका छन् (पृ.११) । उनले लेखेका छन्-"२०४६ सालपछिको समयखण्डलाई समकालीन मानेर समकालीन कविताको विश्लेषण गर्नु नै सबैभन्दा उपयुक्त हुन सक्छ" (पृ.१३) । समकालीन नेपाली कविताको विश्लेषण गर्दा २०४६, २०५२ र २०६२-६३ का विशेष समयखण्डहरूलाई ध्यान दिन आवश्यक भएको उनको धारणा छ (पृ.१३) ।

गिरीकै सम्पादनमा प्रकाशित 'काव्यविमर्श' (२०७३) मा सङ्कलित समालोचक पुरुषोत्तम सुवेदीको 'समकालीन नेपाली कवितामा प्रतिबिम्बित सामाजिक रूपान्तरण', समालोचक डा. मधुसूदन गिरीको 'समकालीन कवितामा राजनीतिक चेतना' र समालोचक प्रा.डा. हिरण्यलाल ज्ञवालीको 'समकालीन नेपाली छन्दकविताका प्रवृत्ति' शीर्षकका रचना समकालीन नेपाली कविताका विविध पक्षको विश्लेषणमा केन्द्रित छन् ।

## ५. सैद्धान्तिक आधार

समकालीन, समसामयिक वा उत्तरवर्ती- साहित्यमा निकै प्रयोग हुने शब्दहरू हुन् । अझ नेपाली साहित्यमा समकालीन र समसामयिक विशेषण जोडेर विभिन्न विधाका थुप्रै सामयिक सङ्कलन र समालोचनात्मक ग्रन्थहरू विभिन्न समयमा प्रकाशित भएका छन् र अझै भइरहेका छन् । साहित्यमा समकालीन, समसामयिक र उत्तरवर्ती शब्दहरूको प्रयोग समानार्थी शब्दका रूपमा भएको पाइन्छ । सामान्यतया 'समकालीन' शब्दको अर्थ 'एउटै समयको', 'उही कालको' वा 'एउटै युगको' भन्ने हुन्छ तर साहित्यमा यस शब्दको प्रयोग 'तत्कालको', 'हिजोआजको' वा 'अहिलेको' भन्ने अर्थमा हुने गरेको छ । 'समसामयिक' शब्दको कोशीय अर्थ 'अहिलेको समयको', 'भरखरैको' वा 'हालसालको' भन्ने हुन्छ । 'उत्तरवर्ती' शब्दले भने 'पछिल्लो समयको' भन्ने अर्थ बुझाउँछ ।

यी तीनै तत्सम शब्दहरू हुन् । अर्थतात्विक रूपमा यी शब्दहरूबीच कुनै फरक छैन । तीनवटै शब्दले बुझाउने अर्थ एउटै हो । 'काल' शब्दमा 'सम' उपसर्ग तथा 'ईन' र 'ता' प्रत्यय (सम+काल+ईन+ता) लागेर

'समकालीनता' शब्दको व्युत्पादन भएको हो । 'समसामयिकता' यसको समानार्थी शब्द हो । 'समय' शब्दमा 'सम' उपसर्ग तथा 'इक' र 'ता' प्रत्यय (सम+समय+इक+ता) लागेर यस शब्दको व्युत्पादन भएको हो । 'उत्तरवर्ती' शब्द भने 'उत्तर' मा 'वर्ती' प्रत्यय (उत्तर+वर्ती) लागेर व्युत्पादन भएको हो । अङ्ग्रेजीमा यसलाई 'कन्टेम्पररी' भनिन्छ । यस शब्दले पनि यही अर्थात् समकालीन भन्ने अर्थ बुझाउँछ ।

साहित्यमा समकालीन शब्दले कालप्रवाहलाई जनाउँछ अर्थात् यो स्थिर हुँदैन । "समकालीन एतत्कालीन हुने हुँदा यसको कुनै कालखण्ड वा समयसीमा हुँदैन (गौतम, २०६०, पृ.५०) ।" यसबाट के बुझिन्छ भने यो अस्थिर वा परिवर्तनशील हुन्छ । आजका लागि समकालीन मानिएको साहित्य समयको एउटा निश्चित कालखण्डपछि समकालीन रहँदैन अर्थात् त्यसको समकालीनता समाप्त हुन्छ । यसको अर्थ के हो भने एउटै साहित्यिक कृति समयको हरेक खण्डमा समकालीन हुँदैन । यसरी के देखिन्छ भने समकालीनता अस्थिर र परिवर्तनशील हुने भएकोले यसको कुनै निश्चित कालखण्ड हुँदैन ।

त्यसो भए कति समयभित्र लेखिएका साहित्यिक कृतिलाई समकालीन मान्ने त ? यो एउटा गम्भीर प्रश्न खडा हुन्छ । पाँच वर्ष, दश वर्ष वा पन्ध्र वर्ष, कति समय अवधिलाई समकालीन समय मान्ने ? समालोचक शर्मा (२०६३, पृ.८) ले प्रायः र मुख्यतः चालू वर्तमानको एक-दुई दशकव्यापी अभिलक्षण (एतत्कालीनता) लाई समकालीनता भनेका छन् । उनका अनुसार समकालीन शब्दले युगीन परिवर्तनअनुसार बदलिएको वर्तमान र वर्तमानकालिक कृतिलाई बुझाउँछ । मानिसको जीवन गतिशील छ, उसका विचार र मान्यताहरू पनि परिवर्तनशील छन् । हिजो उचित ठानिएका मान्यताहरू आजको सन्दर्भमा अनुचित हुन सक्छन् र आज आवश्यक ठानिएका धारणाहरू भोलि अनावश्यक र असान्दर्भिक बन्न सक्छन् । त्यसै कारण मानिस निरन्तर नवीन सिद्धान्त, धारणा, मान्यता र आदर्शको खोजमा सक्रिय हुने भएकोले कृति पनि स्थायी मूल्यको नहुने उनको मत छ । एउटा कृति हरेक समयमा समकालीन नहुने यथार्थलाई यस भनाइले थप पुष्टि गर्छ ।

कृतिमा समकालीनताको आयाम यतिमै सीमित छैन । समकालीन समयमा लेखिएका सबै रचना समकालीन हुन सक्दैनन् र हुँदैनन् पनि । रचना समकालीन हुनलाई त्यसमा खास अभिलक्षण हुनु आवश्यक छ अर्थात् आजको समयमा लेखिनु नै समकालीन कविताको अभिलक्षण होइन । समालोचक ताराकान्त पाण्डेयलाई उद्धृत् गर्दै अमर गिरीले समकालीन कविताको कोटिमा यस समयको मान्छेको भोगाइ, उसका सङ्घर्षहरू र उसका परिवेशहरूप्रति पूर्ण सरोकार राख्ने र त्यसको कलात्मक अभिव्यञ्जन गर्ने कविता पर्न आउने उल्लेख गरेका छन् (२०७३, पृ.११) । समालोचक शर्मा (२०६३) ले भनेका छन् :

> समयको परिवर्तनसँगै परिस्थितिहरू फेरिन्छन् र समाज एवम् जीवनमा नयाँ-नयाँ अभिलक्षणहरूसमेत देखिन्छन् । अभिलक्षणहरू भनेको चालू वर्तमानसँग परिवर्तित र अहिलेको जीवनमा व्याप्त प्रवृत्तिहरू हुन् । यस्ता प्रवृत्तिअन्तर्गत चालू मूल्य, मान्यता, धारणा, सिद्धान्त, धारा, मोड, पद्धति, चेतना आदि पर्दछन् । यिनै प्रवृत्तिले सम्पन्न (रचना) लाई समकालीन र (रचनाको) त्यस्तो सम्पन्नतालाई समकालीनता भनिन्छ । (पृ. ७)

त्यसैले समकालीन युगजीवनका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक विकृति-विसङ्गति र मानवीय सङ्घर्षहरू अभिव्यञ्जित कविता नै समकालीन कविता हुन् । आजको मान्छेको जीवनका हर्ष-विस्मात्, सुख-दुःख, पीडा, कठिनाइ, सङ्घर्ष, चाहना, जीजिविषा र उहापोहबाट असम्पृक्त कविता समकालीन हुन सक्दैन । समकालीन कविताले समकालीन मानवीय जीवनसँग गाँसिएका विभिन्न पाटाहरूलाई अभिव्यञ्जित गर्नु आवश्यक हुन्छ । समकालीनताप्रति आलोचनात्मक विवेकको प्रयोग, परिवर्तनको आकाङ्क्षा र त्यसको काव्यात्मक अभिव्यक्तिले नै एउटा समकालीन कविलाई साँच्चिकैको समकालीन कवि बनाउने गिरी

(२०७३, पृ.१२) को धारणा छ । उनका अनुसार समकालीनताको कोरा अभिव्यक्तिले कवितालाई पूर्ण समकालीन बनाउँदैन ।

यसबाट के स्पष्ट हुन्छ भने समकालीन मान्छेका भावना, जुगुप्सा, चाहना, अभिलाषा र आकाङ्क्षाहरूलाई काव्यात्मक अभिव्यक्ति दिनु नै समकालीन कविताको परिचायक हो । यस कारण समकालीन भनेको वर्तमान वा आजको समय हो तर वर्तमान समयमा लेखिएका सबै कविता समकालीन हुँदैनन् र होइनन् पनि ।

## ६. नेपाली कवितामा समकालीनता

नेपाली कविताका सन्दर्भमा आधुनिक कालकै पछिल्लो समयमा लेखिएका कविताहरूलाई समकालीन मानेर अध्ययन गर्ने गरिएको छ तर यसको प्रारम्भ विन्दुका समयमा भने विद्वान्हरूबीच एक मत छैन । कसैले वि.सं. २०३० लाई यसको प्रारम्भ विन्दु मानेका छन् भने कसैले २०३० कै दशकको मध्यविन्दुलाई । यस्तै, कसैले वि.सं. २०४६ लाई समकालीन कविताको प्रारम्भ विन्दु मानेका छन् भने कसैले यो विन्दुलाई अझै यता ल्याएका छन् । नेपाली कविता भाग ४ (त्रिपाठी र अन्य, २०६५, पृ.१३१) मा २०३० को दशकको सुरुतिर समसामयिक (समकालीन) धारा प्रारम्भ भएको उल्लेख छ । उक्त विश्लेषणमा समसामयिक धाराका कविताहरूका मुख्य प्रवृत्तिगत पहिचानका रूपमा सम्प्रेषणीयताको प्रत्यावर्तन, लघु (मुक्तक) कविताप्रति विशेष आकर्षण, समसामयिक विकासोन्मुख नेपाली समाजका (२०४६ सालको जनआन्दोलनभन्दा अघिका वा पछिका) सामाजिक-राजनैतिक एवम् आर्थिक र अन्य क्षेत्रमा देखा परेका विसङ्गतिका टड्कारा सन्दर्भ र समस्याप्रतिको तीव्र संवेदनशीलता र जागरुकता, युगीन-वैयक्तिक मानवीय अनि राष्ट्रिय र अन्तर्राष्ट्रिय असङ्गति र अन्तर्विरोध एवम् मूल्य विचलनप्रतिको युवासुलभ आक्रोशको प्रखरता, अन्तर्विद्रोह र आक्रामकता, प्राकृतिक र ग्रामीण परिवेशभन्दा शहरबजारको गन्जागोल परिवेशप्रति बढी जागरुकता, दुःस्वप्न र स्वप्नाघात, अस्तित्वबोध र अस्मिता, खस्रो-खरो र सहज कथन तथा कठोर-कोमल दोहोरो भाषाशैलीप्रति झुकाउ, वाग्वैदग्ध्य तथा व्यङ्ग्य, वर्तमान भोगाइका यथार्थ जीवन-सन्दर्भप्रति संवेदनशील सटीक-नवीन बिम्ब-प्रतीकको पर्याप्त उपयोग एवम् सम्प्रेष्य तथा तथा धारिलो कथनपद्धति र संरचनाको खोज आदिलाई लिइएको छ । यति हुँदाहुँदै पनि सो पुस्तकमा भनिएको छ-"...कालान्तरमा नितान्त नवप्रवृत्ति अँगाली अर्को नवधारा आएपछि सामान्यतः यो धारा पृष्ठभूमिमा जाने नै छ र त्यतिखेर यसका निम्ति अर्कै नामकरण अपेक्षित हुन्छ र त्यो नवधारा नै समयगत तात्पर्यमा समसामयिक धारा भनिएला" (पृ. १३४) ।

प्रयोगवादी जटिलता र असम्प्रेष्यताबाट मुक्त हुँदै सम्प्रेष्य कविता लेखनतर्फको यात्राको थालनीलाई नेपाली कवितामा समकालीनताको प्रारम्भ विन्दु मान्ने गरिएको छ । वि.सं. २०१७ मा सुरु भएको प्रयोगवादी धाराका कविताहरू जटिल, क्लिष्ट र दुर्बोध्य भएका कारण कविता र पाठकबीच दुरी बढ्न थालेपछि नेपाली कविहरू समकालीन युगजीवनका विसङ्गति र यसबाट सिर्जना भएका अनेक दुःसाध्य पीडाहरूलाई सम्प्रेष्य कवितामार्फत् अभिव्यक्त गर्न अग्रसर भए । नेपाली कविहरू विक्रमाब्द २०३० को दशकको प्रारम्भतिरबाटै सम्प्रेष्य कविता लेखनतर्फ अग्रसर भए पनि ती प्रारम्भिक कविताहरूमा तात्कालिक समय र समाजको सशक्त र प्रभावकारी अभिव्यक्ति पाउन नसकिने गौतम (२०६०, पृ.५२) को तर्क छ । गौतम (२०६०, पृ.५२) ले लेखेका छन्- "...२०३६ को परिवर्तनले राजनीतिक-सामाजिक क्षेत्रमा परिवर्तन ल्याएझैं कवितासिर्जनामा पनि परिवर्तन ल्याएको देखिन्छ । त्यसकारण २०३६ को परिवर्तित सन्दर्भ र 'सडक कविता क्रान्ति' लाई समकालीन नेपाली कविताको निर्धारक आधार वा आरम्भ मान्नु समीचीन देखिन्छ ।"

त्यसैले समकालीन कविता भनेको आजको अर्थात् वर्तमान समयको कविता हो । विसङ्गत चेतना र आलोचनात्मक यथार्थवाद समकालीन नेपाली कविताको मूल प्रवृत्ति भएको गौतमको ठम्याइ छ । यसभित्र

समकालीन युगजीवनका अनेक विसङ्गति, यन्त्रणा, विद्रूपता अन्याय, अत्याचार, थिचोमिचो आदिको प्रस्तुति गौण प्रवृत्तिका रूपमा रहेका छन् । सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक विकृति र विसङ्गतिले सिर्जना गरेका अवस्थाहरू पनि समकालीन कवितामा अन्तर्वस्तुका रूपमा आएको एक थरी समालोचकहरूको ठम्याइ छ ।

डा. अमर गिरी भने २०४६ सालपछिको समयखण्डलाई समकालीन मानेर समकालीन कविताको विश्लेषण गर्नु नै सबैभन्दा उपयुक्त हुने धारणा अघि सार्छन् (२०७३, पृ. १३) । २०४६ सालयता पनि देशमा थुप्रै महत्त्वपूर्ण सामाजिक र मूलतः राजनीतिक परिघटनाहरू भएका छन् । २०५२ सालमा माओवादी विद्रोहको प्रारम्भ भयो । माओवादी विद्रोहकै राप र तापले सिर्जना गरेको परिस्थितिले २०६२/०६३ मा दोस्रो जनआन्दोलनका लागि आधारभूमि तयार पाऱ्यो । २०६३ सालमै भएको अभूतपूर्व मधेस विद्रोहको बलमा अन्तरिम संविधान-२०६३ मा सङ्घीय व्यवस्थाले प्रवेश पायो र अहिले हामी यसको अभ्यास गरिरहेका छौँ । २०६४ साल चैत १८ गते नेपालको इतिहासमा पहिलोपटक संविधानसभाको निर्वाचन सम्पन्न भयो । पहिलो संविधानसभाको पहिलो बैठकबाट २०६५ जेठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरियो तर यो संविधानसभा नयाँ संविधान निर्माण गर्न असफल भई विघटन भएपछि २०७० मङ्सिर ४ गते संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भयो । यही दोस्रो संविधानसभाले निर्माण गरेको देशको नयाँ संविधानलाई देशका प्रथम राष्ट्रपति डा. रामवरण यादवले २०७२ साल असोज ३ गते जारी गरे । त्यसयता पनि आफ्ना हक-अधिकारका लागि आदिवासी जनजाति, अल्पसङ्ख्यक, सीमान्तीकृत समुदाय तथा पछाडि पारिएका क्षेत्रका नागरिकहरूले अनेकौं आन्दोलनहरू गरिसकेका छन् ।

यो पृष्ठभूमिमा २०४६ सालको परिवर्तन पनि अब समकालबाट पर सरिसकेको डा. ताराकान्त पाण्डेय (उद्धृत, गिरी, २०७२, पृ.३२८) को मत छ । २०४६ सालको पहिलो जनआन्दोलनले निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य गरेको थियो तर माओवादी विद्रोहले पञ्चायत विस्थापनको सन्दर्भलाई पर सारेर एउटा नयाँ परिवेश सिर्जना गरेको पाण्डेयको ठम्याइ छ । गणतान्त्रिक परिवेश आजको यथार्थ भएको र छुटाउन नमिल्ने गरी यससँग गाँसिएको माओवादी विद्रोहलाई समकालीनताबाट पन्छाउन नमिल्ने उनको तर्क छ (उद्धृत, गिरी, २०७२, पृ.३२८) ।

डा. पाण्डेयको तर्क नै सर्वथा उचित छ । समय र समाजको सापेक्षतामा अब २०५२ साललाई समकालीन नेपाली कविताको आरम्भ विन्दु मान्नु सबैभन्दा बढी तर्कसङ्गत हुन्छ । "समकालीन वर्तमानसँग आबद्धता पनि हो र सो आबद्धताबाट प्रकट हुने अभिलक्षण पनि हो" (शर्मा, २०६३, पृ.७) । वर्तमान समयको गणतान्त्रिक, सङ्घात्मक र धर्मनिरपेक्ष परिवेशलाई माओवादी विद्रोहबाट अलग्याउन मिल्दैन भने यो परिवेशलाई त्यसअघिका सामाजिक-राजनीतिक परिघटनाहरूसँग जोड्नु पनि उचित हुँदैन । त्यसैले नेपाली कवितामा २०३० को दशकमा सुरु भएको धारा समाप्त भएर २०५२ मा नयाँ धारा प्रारम्भ भइसकेको छ ।

त्यसो त नेपाली कवितामा समकालीनताको आरम्भ विन्दु 'सडक कविता क्रान्ति' (२०३६) लाई मान्ने समालोचक गौतम (२०६८, पृ.९) ले राजनीतिक आन्दोलनका आधारमा नेपाली कविताको समकालीनतालाई चार चरणमा विभाजन गरेका छन् :

(१) पहिलो प्रारम्भिक चरण (२०३६)

(२) दोस्रो चरण (२०४६)

(३) तेस्रो चरण (२०५२/०५३)

(४) चौथो चरण (२०६२/०६३ यता)

समकालीनता वर्तमानसँगको अविच्छिन्न आबद्धता पनि भएकोले यसलाई विभिन्न चरणमा विभाजन गर्नु त्यति सान्दर्भिक र औचित्यपूर्ण देखिँदैन । समकालीन समयलाई चरणहरूमा विभाजन गर्दा अविच्छिन्नता भङ्ग हुने भएकाले यस प्रसङ्गमा यो अवधारणा असान्दर्भिक देखिन्छ । त्यसैले २०५२ यताको अविच्छिन्न समयखण्डलाई नेपाली कवितामा समकालीनता मान्नु नै उचित र तर्कपूर्ण देखिन्छ ।

२०४६ सालको पहिलो जनआन्दोलनको सफलतापछि जारी गरिएको नेपाल अधिराज्यको संविधान-२०४७ निश्चय नै एउटा मुख्य उपलब्धि थियो । यो संविधानले पहिलोपटक मुलुक बहुजातीय र बहुभाषिक भएको स्वीकार गर्दै केही भाषिक तथा सांस्कृतिक अधिकारहरू पनि सुरक्षित गरेको थियो । त्यसपछि चलेको माओवादीको दशवर्षे सशस्त्र आन्दोलन (२०५२-२०६२), २०६२/०६३ को दोस्रो जनआन्दोलन, २०६३ को माघमा भएको मधेस आन्दोलन तथा आदिवासी जनजाति, थारू, दलित, अल्पसङ्ख्यक र सीमान्तकृत समुदायका अनेक आन्दोलनहरूले नेपालको सामाजिक-राजनीतिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । यी आन्दोलनहरूको प्रभाव कुनै न कुनै रूपमा साहित्यिक लेखनमा पनि पर्नु स्वाभाविक नै हो किनभने कवि-लेखकहरू भुइँफुट्टा होइनन् । उनीहरू पनि यही समाजका अभिन्न अङ्ग भएकाले राष्ट्रिय-अन्तर्राष्ट्रिय सामाजिक-राजनीतिक परिघटनाहरूले उनीहरूमा पनि प्रभाव पार्छन् । त्यसै कारण यी विशिष्ट परिघटनाहरूको प्रभाव समकालीन नेपाली कविताको मुख्य स्वर र प्रवृत्तिमा पनि परेको पाइन्छ ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपाली आदिवासी जनजाति समुदायमा जातीय जागरणको चेतना जुर्मुराउन थालेको पाइन्छ । त्यसो त आदिवासी जनजाति समुदायले पञ्चायत कालमै पनि भाषिक तथा सांस्कृतिक आन्दोलनहरू नगरेका होइनन् तर राज्यको निरङ्कुश हस्तक्षेप र दमनका कारण ती आन्दोलनहरू धेरै लामो समयसम्म टिक्न सक्दैन थिए । २०४६ सालपछि भने खुल्ला प्रजातान्त्रिक परिवेश र २०४७ को संविधानबाट प्राप्त प्रजातान्त्रिक अधिकारका कारण आदिवासी जनजाति समुदाय आफ्ना भाषा र संस्कृतिको संरक्षणमा सक्रिय हुन थालेको पाइन्छ । उनीहरूले विभिन्न सामाजिक संस्थाहरूमार्फत् मातृभाषा, लिपि, संस्कार-संस्कृति आदिको संरक्षणका पक्षमा गतिविधि गर्न थाले । परिस्थिति धेरै परिवर्तन भएको भने थिएन । २०४७ सालपछिको प्रजातान्त्रिक अवधिमा पनि काठमाडौँ नगरपालिकाले नेवारी तथा राजविराज नगरपालिका र धनुषा जिल्ला विकास समितिले मैथिली भाषालाई आफ्ना कामकाजमा प्रयोग गर्ने निर्णय गरेका थिए । त्यसविरुद्ध रिट परेपछि सर्वोच्च अदालतले 'स्थानीय निकाय' का ती निर्णयलाई बदर गर्दै फैसला गरेको थियो । २०५६ जेठ १८ गते मङ्गलबारका दिन गरिएको सो फैसलामा भनिएको छ :

> काठमाडौँ नगरपालिकामा आधिकारिक भाषाका रूपमा नेपाल भाषालाई तथा राजविराज नगरपालिका र जिल्ला विकास समिति धनुषाले मैथिली भाषालाई पनि कामकाजमा प्रयोगमा ल्याउने भनी गरेका निर्णयहरू संविधानको धारा ६(१) को प्रतिकूल भएकाले उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ ।

यसबाट २०४७ सालपछिको प्रजातान्त्रिक अवधिमा पनि व्यवहारतः नेपालीबाहेक अन्य समुदायका मातृभाषाको प्रयोग र विस्तारमा राज्य संयन्त्रले अवरोध सिर्जना गरेको स्पष्ट हुन्छ ।

२०५२ सालमा तत्कालीन ने.क.पा.(माओवादी) ले सशस्त्र विद्रोहको थालनी गरेपछि भने जातीय मुद्दा क्रमशः सतहमा आउन थाल्यो र यो विषय नेपाली समाजमा भुसको आगोजस्तै भित्रभित्रै फैलिन थाल्यो । माओवादी नेताहरूले आफ्नो पार्टीका प्रकाशनहरूमा लेख लेखेर जातीय मुद्दालाई प्राथमिकताका साथ उठाउन थाले । २०५३ पुसमा सम्पन्न माओवादीको पोलिट ब्युरो बैठकले नेपालमा संयुक्त मोर्चा निर्माणका सन्दर्भमा वर्गीय प्रश्नका साथै क्षेत्रीय र जातीय उत्पीडनको प्रश्नलाई पनि ध्यान दिनुपर्ने अवधारणा अघि सारेपछि देशमा जातीय र क्षेत्रीय विषयमा जिज्ञासा बढ्न थालेको थियो । तात्कालिक माओवादी नेता डा. बाबुराम भट्टराईले आफ्नो पार्टीको केन्द्रीय समितिको मुखपत्र 'माओवादी' (चैत, २०५४) मा यसबारे लामो लेख

लेखेका छन् । सो लेख 'राजनैतिक अर्थशास्त्रको आँखीझ्यालबाट' (भट्टराई, २०५५, पृ.८१-९७) मा सङ्कलित छ । सो बैठकले देशमा विद्यमान् जातीय उत्पीडनको अन्त्य गर्न जातिहरूको आत्मनिर्णयको अधिकार र जातीय स्वशासनको नीति अवलम्बन गर्नुपर्ने अवधारणा अघि सारेको थियो । नेता भट्टराईले नै 'जनादेश' साप्ताहिक (२०५३, फागुन ४) मा 'जनयुद्ध र नेवारी जातीय मुक्तिको प्रश्न' शीर्षकमा एउटा लेख लेखे । सो लेखमा उनले जनवादी क्रान्ति सम्पन्न गर्न देशका सबै प्रगतिशील वर्गहरूका साथै खस जातीय हैकमबाट उत्पीडित सबै जाति तथा जनजातिहरू र उत्पीडित क्षेत्रका जनताका बीचमा क्रान्तिकारी संयुक्त मोर्चा कायम गरिनुपर्ने आफ्नो पार्टीको स्पष्ट घोषित नीति रहेको उल्लेख गरेका छन् । सोही लेखमा उनले आफ्नो जातीय मुक्तिका निम्ति जनयुद्धको बाटोमा अग्रसर भएर अन्य जातिहरूलाई पनि बाटो देखाउन नेवार समुदायलाई आग्रह गरेका छन् । यो लेख पनि 'राजनैतिक अर्थशास्त्रको आँखीझ्यालबाट' (भट्टराई, २०५५, पृ.११६-१२२) मा सङ्कलित छ । अझ २०५७ सालको माघ-फागुनमा सम्पन्न माओवादी पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनले त जातीय मोर्चाहरू नै गठन गर्ने निर्णय गऱ्यो । माओवादीको यो निर्णयले तात्कालिक नेपाली समाजमा हलचल नै ल्याइदियो ।

## ७. समकालीन नेपाली कविताको मूल स्वर

समकालीन नेपाली कविताको मुख्य स्वर के हो ? यसबारे अध्येताहरूबीच मतैक्य छैन । समालोचकहरूले आ-आफ्नै शिविर वा ध्रुवलाई केन्द्रमा राखेर समकालीन नेपाली कविताको मूल स्वर वा मूल प्रवृत्तिको निरूपण गर्ने गरेका छन् । एक थरी समालोचकहरूले उत्तर आधुनिकतावादी बहुलवादी स्वरलाई आजका नेपाली कविताको मूल स्वर मानेका छन् भने प्रगतिवादी समालोचकहरूले प्रगतिवादी चासोको काव्यिक अभिव्यक्ति नै आजका कविताको मुख्य स्वर भएको ठम्याएका छन् । वास्तवमा आजका कविहरूले नेपाली समाजमा विद्यमान् सबै प्रकारका अन्तर्विरोध र शोषणका सबै रूपहरूको अन्त्य चाहेका छन् । यही मुक्तिकामी चाहना नै आजका अर्थात् समकालीन कविताहरूको मुख्य स्वर हो ।

राजनीतिक रूपमा जातीय आत्मनिर्णयको अधिकार र जातीय स्वशासनको मुद्दा चर्चा र बहसको केन्द्रमा आइरहेको परिवेश र पृष्ठभूमिमा २०५० को दशकको अन्त्यतिर जनजाति कविहरूले आफ्ना कवितामार्फत् यस विषयमा काव्यिक अभिव्यक्ति दिन थाले । यसै समयमा अर्थात् २०५७ भदौ १३ गतेको रूपरेखा साप्ताहिकमा जातीय मुक्तिको आग्रहसहित 'सिर्जनशील अराजकता' को अभियान उद्घोष गरियो (मुकारुङ, २०६६, पृ.?) । यस अभियानलाई कविहरू उपेन्द्र सुब्बा, राजन मुकारुङ र हाङयुग अज्ञातले प्रारम्भ गरेका थिए । वि.सं. २०६० को मध्यतिर 'उत्तरवर्ती सोच' नामक अभियान पनि पूर्वी नेपाल (पाँचथर) बाट थालियो (सुब्बा, २०६८, पृ.४५) । यस अभियानका अगुवा कविहरू सगुन सुसारा, राज माङ्लाक र भवानी तावा थिए भने यसका वैचारिक व्याख्याता कवि तथा समालोचक थाम्सुहाङ पुष्प सुब्बा थिए । यस्तै राजधानीबाट त्यसै वर्ष 'रङ्गवादी आन्दोलन' को थालनी भयो । रङ्गवादी आन्दोलनको पहिलो घोषणा पाँचथरकै कवि धर्मेन्द्रविक्रम नेम्वाङले २०६० मा प्रकाशित आफ्नो कवितासङ्ग्रह 'भीरैभीरको रङ' मा 'विशेष रङ्गवाद' का रूपमा गरेका थिए (भट्टराई, २०७१, पृ.५१५) । यस आन्दोलनमा समदर्शी काइँला, स्वप्निल स्मृति, चन्द्रवीर तुम्बापोजस्ता कविहरू सहयात्रीका रूपमा संलग्न छन् । यी सबै आन्दोलन र अभियानहरू जातीय विभेदको विरोध गर्दै जातीय समानताको पक्षमा केन्द्रित छन् ।

२०५० को दशकका यिनै हस्तक्षेपकारी परिघटनाहरूले सिर्जना गरेको परिवेशमा दशकको अन्त्यतिर सुरु भएको सांस्कृतिक लेखन नै समकालीन नेपाली कविताको मूल प्रवृत्ति हो । ६० को दशकभरि नेपाली कवितामा यही लेखनको वर्चश्व रह्यो । पत्रकार वसन्त बस्नेतले पनि 'नागरिक' दैनिकमा यस विषयमा 'कभर स्टोरी' लेखेका छन् । उनले 'दशक ६० को सौन्दर्य' शीर्षकमा 'नागरिक' दैनिक (२०७०, चैत २९, शनिबार) मा

एउटा विश्लेषणत्मक आलेख लेखे । सो आलेखमा उनले '६० को दशकभर हिजो सीमान्तमा पारिएका समुदाय वा वर्गका पक्षमा सांस्कृतिक लेखन गर्नेहरूले नेतृत्व गरेको' निष्कर्ष उल्लेख गरेका छन् । मुकारुङ (२०७१, पृ.१५७-१७१) ले पनि 'सांस्कृतिक साहित्य' शीर्षकको आलेखमा यस्तै निष्कर्ष प्रस्तुत गरेका छन् ।

जनजाति कविहरूले जनजातीय भाषा अर्थात् मातृभाषाका शब्दहरूका साथै आफ्नो समुदायमा प्रचलित मिथक, बिम्ब र प्रतीकहरूको प्रयोग गरेर आफ्नो जातीय पहिचान वा अस्तित्वका पक्षमा सुन्दर काव्यात्मक अभिव्यक्ति दिए । नेपालमा सदियौँदेखि एउटा जाति, एउटा धर्म, एउटा संस्कृति र एउटा भाषाको वर्चश्व कायम रहेको थियो । त्यही शासकवर्गीय जातीय समुदायबाट जातीय तथा भाषिक, धार्मिक र सांस्कृतिक उत्पीडनमा परेका आदिवासी जनजाति समुदायका कविहरूले यो दशकभरि आफ्ना शक्तिशाली सांस्कृतिक सिर्जनाहरूमार्फत् सत्ताको केन्द्रमा हस्तक्षेप गरिरहे । यो लेखन अहिले पनि उत्तिकै सामर्थ्य र प्रभावका साथ समकालीन नेपाली कवितामा जारी छ र यो लेखन नै अहिलेको मूल प्रवृत्ति हो । यसलाई पहिचानवादी साहित्य वा सांस्कृतिक लेखन भन्ने गरिएको छ । नेपाली कविताको उत्तरवर्ती समयमा यही लेखनले नेतृत्व गरेको छ तथा यसकै केन्द्रीयतामा साहित्यिक विमर्शहरू हुने गरेका छन् ।

यस धाराका स्रष्टाहरूले राज्यद्वारा गरिएको जातीय उत्पीडनका साथै भाषिक, धार्मिक र सांस्कृतिक दमनका विरुद्ध आक्रोशपूर्ण हुङ्कार गर्दै आफ्नो जातीय पहिचान र अस्तित्वका पक्षमा कवितामार्फत् शक्तिशाली स्वर उराले । नेपाली समाजको सन्दर्भमा यो सांस्कृतिक पुनर्जागरणको समय हो र यस समयमा सबै उत्पीडितहरूले मुक्तिको आकाङ्क्षासहित उत्तिकै प्रभावशाली आवाज मुखरित गरेका छन् । वर्गीय, क्षेत्रीय र लैङ्गिक उत्पीडनका साथै जातीय छुवाछूत र विभेदविरुद्ध पनि उनीहरूको गर्जन सशक्त रूपमा अभिव्यक्त भइरहेका छन् । त्यसैले यो पछिल्लो धारा सांस्कृतिक लेखनको धारा हो ।

सांस्कृतिक लेखन अर्थात् आफ्नो पहिचान र अस्तित्वको आग्रहसहित जनजाति युवा स्रष्टाहरूले ५० को दशकको अन्त्यतिर विभिन्न साहित्यिक आन्दोलनहरू चलाए । सिर्जनशील अराजकता (२०५७), उत्तरवर्ती सोच (२०६०), रङ्गवाद (२०६०) जस्ता अभियानमा संलग्न स्रष्टाहरूले पनि गुमेको पहिचानलाई स्थापित गर्नुपर्ने आग्रहसहित शक्तिशाली कविताहरूमार्फत् सत्ताको टाउकोमा घन बजारिरहे । यो नै समकालीन कविताको मुख्य स्वर हो । यस समयावधिलाई पहिचानवादी धारा वा सांस्कृतिक धारा नामकरण गर्दा कुनै अर्घेल्याइँ नहुने देखिन्छ ।

यी कविताहरू आफ्नो भूगोल र आफ्नो संस्कृतिसँग गाँसिएका छन् । "द्वन्द्वपछिको नेपाली काव्यलेखनमा आएका प्रमुख परिवर्तनमा म जातीय संस्कृति र परम्परा, तिनका काव्यिक अभिव्यञ्जनाको प्रभावलाई सबभन्दा महत्त्वपूर्ण मान्छु" (सुवेदी, २०६८, पृ.४) । यी कविताहरूले सत्ताले निर्माण गरेका आजसम्मका कतिपय मानक अवधारणाहरूमाथि प्रश्न गरेका छन् । यसमध्ये अहिलेसम्मको सत्ताले निर्माण गरेको राष्ट्रियता र राष्ट्रको अवधारणाप्रति यी कविताहरूको गहिरो विमति छ । देशमा विद्यमान् सबै भाषा, सभ्यता र संस्कृतिको समान अधिकार तथा राज्यमा सबै समुदायको पहुँच स्थापना गरेरमात्र सबल राष्ट्रियता निर्माण हुने धारणा यी कविताहरूले बोकेका छन् । यी कविताहरूले इतिहासमा भएका गल्ती र अपराधहरूका लागि क्षमा माग्दै क्षतिपूर्तिसहित तिनलाई सच्याउनुपर्ने माग गरेका छन् । यी कविताहरूले इतिहासको पुनर्व्याख्या र पुनर्लेखनको माग गरेका छन् । "वर्तमान नेपाली लेखनको एक अंश पनि त्यसै गरी अतीतलाई सच्याउनतर्फ लागेको छ । एक प्रकारको पुन:पाठ र पुनर्लेखनले प्रोत्साहन पाउन थालेको कारण पनि यही हो- अतीतलाई सच्याउने प्रक्रिया" (भट्टराई, २०७१, पृ.३४०) । आफूहरूलाई किन गलत बुझियो भन्ने पत्ता लगाउने यो एउटा प्रक्रिया भएको समालोचक भट्टराई (२०७१, पृ.३४०) ले उल्लेख गरेका छन् । यी कविताहरूले सबै प्रकारका दमन, थिचोमिचो, शोषण र विभेदको अन्त्य गरिनुपर्ने स्वर उरालेका छन् । यी

कविताहरूले निरङ्कुशता र दासताका सबै रूपहरूलाई समूल नष्ट गरिनुपर्ने तथा राज्यको हरेक निकायमा सबै जाति, क्षेत्र र उत्पीडित समुदायको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने मागलाई काव्यिक अभिव्यक्ति दिएका छन् ।

साहित्य र राजनीति भिन्न विषयजस्ता लागे पनि राजनीतिबाट साहित्यले सधैँ कुनै न कुनै रूपमा प्रभाव ग्रहण गरेकै हुन्छ । त्यसैले तत्कालीन समयको राजनीतिक प्रभाव साहित्यमा देखिनु अनौठो विषय होइन । राजनीतिक प्रभावको प्रतिबिम्बन कवितामा अझ टड्कारो देखिन्छ । २०५२ सालमा प्रारम्भ भएको माओवादी सशस्त्र आन्दोलनबाट सिर्जित परिवेश तथा सामाजिक-राजनीतिक उथलपुथलको अङ्कन पनि यस अवधिका कविताको महत्त्वपूर्ण प्रवृतिका रूपमा देखिन्छ । सशस्त्र द्वन्द्वको पृष्ठभूमिमा लेखिएका यस समयका कविताले युद्ध, बन्दुक, धुँवा, बारुद, सन्त्रास, मुक्ति, वलिदानजस्ता विषयमा अभिव्यक्ति दिएका छन् । "यसै पृष्ठभूमिमा सशस्त्र द्वन्द्वको पक्षमा लेखिएका कविता, सशस्त्र द्वन्द्वको विपक्षमा लेखिएका कविता र द्वन्द्वको दोहोरो चापप्रतिचापमा परेर अत्यन्त आहत भएका सर्वसाधारण नेपालीहरूको पीडाबोध अभिव्यञ्जित गरिएका गरी तीन किसिमका कविता लेखिएको पाइन्छ" (गौतम, २०६८, पृ.९८) । यसमा पनि ध्यान दिनुपर्ने एउटा महत्त्वपूर्ण विषय के छ भने सशस्त्र आन्दोलनको पक्षमा लेख्ने कविहरूले पनि राज्यद्वारा गरिएका कुनै न कुनै किसिमको विभेदकै विरोधमा कविता लेखेका छन् । राज्य-संरचना नै विभेदकारी भएको ठहर गर्दै राज्यको आधारभूत संरचनामै परिवर्तनको आवश्यकता महसुस गरेर माओवादी आन्दोलन थालिएको थियो । त्यसैले यसको पक्षमा लेख्ने कविहरूले राज्यले गर्ने अनेक किसिमका दमन र थिचोमिचोको विरोध गर्नु अस्वाभाविक होइन । जनजाति समुदायका कविहरूले पनि यस समयमा राज्य-दमनकै विरुद्ध काव्यिक अभिव्यक्ति दिए ।

त्यसो त अहिले जनजातिका मात्र होइन, दबिएका सबै स्वरहरू साहित्यमार्फत् मुखरित हुँदैछन् । "...अहिले सदियौँदेखि दबिएका जनजातीय, भाषिक, धार्मिक, क्षेत्रीय, लैङ्गिक एवम् अन्य प्रकारका बहुल स्वरहरू मुखरित हुन थालेका छन् । आजको साहित्यमा सुनिने नारीका, जनजातिका, दलितका स्वरहरूले परम्परालाई पल्टाउन र नयाँ केन्द्रको स्थापना गर्न चाहिरहेका छन्" (भट्टराई, २०७१, पृ.५०२) । समीक्ष्य विषय साहित्यका सबै विधाको नभई कविताको मात्र हो र त्यसमा पनि जनजातीय कविताको मात्र । त्यसैले यहाँ जनजाति कविहरूले लेखेका कविताहरूलाई मात्र सन्दर्भ बनाइएको छ । सबैभन्दा ठूलो कुरा त यी कविताहरू आफ्नो समुदायको जरासँग जोडिएका छन् । यिनले आम मानिसको जीवनका जटिलता, पीडा, तिनले गरेका सङ्घर्ष र आफ्नै भूमिमा सुकुम्वासी हुनुपरेका कथालाई आफ्ना विषय बनाएका छन् । समकालीन नेपाली कविताको सौन्दर्यमा आएको यो महत्त्वपूर्ण परिवर्तन हो । विभिन्न जनजातीय पहिचानका अभिव्यक्ति, अनुराग, विद्रोह र प्रगीतात्मक भावनाका समवेत स्वरहरू नेपाली काव्यमा प्रवेश गरिरहेको अवस्था भए पनि धेरै थरी समालोचना र छलफलमा यसबारे त्यति प्रसङ्ग नउठ्नुलाई समालोचक सुवेदी (२०६८, पृ.४) आश्चर्यलाग्दो घटना मान्छन् । हुन पनि नेपाली कवितामा आएको यति युगान्तकारी परिवर्तनबारे उल्लेख्य रूपमा छलफल भएको पाइँदैन अथवा यस विषयलाई समालोचकहरूले समुचित महत्त्व दिएको पाइँदैन । यो साँच्चै नै आश्चर्यलाग्दो विषय भएको छ । समालोचकहरूले यी नवीन बान्कीका कविताहरूलाई किन पर्याप्त महत्त्व दिएनन् त ? भारतीय विद्वान् सिंह (सन् २०१८) को भनाइमा यसको जवाफ भेट्न सहज हुन्छ । उनले पुराना प्रतिमानबाट नयाँ कवितालाई हेर्न खोज्दा अर्थ स्पष्ट नहुने लेखेका छन् । उनले लेखेका छन्- ''जसलाई हामी पुरानो प्रतिमान भन्छौँ, ती वस्तुतः पुराना संस्कार हुन्'' (सिंह, सन् २०१८, पृ.२८) । समालोचक मधुसूदन गिरी (२०७३, पृ.१४५) ले २०६३ देखि हालसम्म पहिचानमूलक धारा जारी रहेको उल्लेख गरेका छन् । उनले पहिचानवादी लेखनलाई दुई प्रकारमा विभाजन गरेका छन्- १) नश्लीय एवम् जातीय, क्षेत्रीय र डायस्पोरिक पहिचान र २) लैङ्गिक पहिचान : नारीवादी लेखन ।

आजका जनजाति स्रष्टाहरू सत्ताका भाट होइनन् अथवा शासकहरूको विरुदावली गाएर कुनै आकर्षक पद प्राप्त गर्न यिनले कविता लेखेका होइनन् । यिनका कविताले शासकहरूसँग सिधा प्रश्न गर्छन् । शासकहरूसँग आँखा जुधाएर प्रश्न प्रक्षेपण गर्नु र तिनीहरूसँग पौठेजोरी खेल्नु चानचुने कुरा होइन । इतिहासमा यस्ता घटना विरलै हुन्छन् । शासकहरूको गुणगान गाउन कविहरूलाई दरबारमा जागिर दिएर राख्ने परम्परा भएको संस्कृतिमा हुर्किएका कविहरूले आफ्ना खुट्टामा उभिएर स्वाभिमानपूर्ण राग अलाप्नु इतिहासको सानो परिघटना होइन । यो निकै अर्थपूर्ण छ । यस विषयमा लेखक पाठक (२०७४) ले लेखेका छन् :

> परम्परागत परिचयको विघटनसँगै नयाँ परिचय स्थापना गर्ने अभियानको उच्छवास सुनिन थालेको छ । २०६० को दशक यही नयाँ जागरणको अवधि रह्यो । राष्ट्रिय भाषाहरूको जागरण र आदिवासी, जनजाति एवम् मधेशका विभिन्न समुदायका मिथकहरूको खोजी यही दशकमा आरम्भ भयो । सामाजिक श्वास-प्रश्वासको अन्तरवस्तुमा आएको व्यापक परिवर्तनसँगै साहित्यकर्ममा नयाँ पुस्ताको हस्तक्षेप पनि बढ्यो । गणतन्त्रको राजनीतिक शक्तिकै गर्भबाट साहित्यले पनि नयाँ आयामा ग्रहण गर्दैछ । अनि नेपाली साहित्यको दायरा 'नेपाली' भाषाको अभिव्यक्तिबाट अन्य मातृभाषाको आत्मविश्वाससम्म फराकिएको छ । किराँत सौन्दर्यशास्त्र, दलित सौन्दर्यशास्त्र, तामाङ सौन्दर्यशास्त्रलगायत अनेकन सौन्दर्यशास्त्र निर्माण गर्ने प्रयत्न र बहस शुरु भएको छ ।
>
> मूलतः जनयुद्धको बहुआयामिक प्रभावले नेपाली समाजको सोच्ने तरिका र आन्तरिक लय नै बदलेको पृष्ठभूमिमा पुराना सांस्कृतिक मानकहरू भत्किनु र नयाँ मानकहरूको खोजी शुरु हुनु स्वाभाविकै हो । साथै एकाएक साहित्य-कलामा विरासत निर्माण गरेका पात्रहरूमाथि अलोचनात्मक दृष्टि निर्माण हुनु पनि अनौठो होइन । गणतन्त्रको स्थापनासँगै सामन्तवादी राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक सम्बन्धहरू भत्किने क्रममा छन् । सामन्ती परम्पराको राजनीतिक केन्द्र राजतन्त्र नै ढलेपछि समाजमा बाँकी रहेका त्यसका सांस्कृतिक र सामाजिक अवशेषहरूको निषेध गर्ने प्रवाह निर्माण हुनु नै पर्‍यो । अनि यही प्रवाह हुँदै सामन्ती विरासतले सीमान्तमा धकेलेका मिथक र सौन्दर्यका मानकहरू मूल प्रवाहतिर लम्किन थालेका छन् । (पृ.१८२-१८३)

## ८. निष्कर्ष

यो छलफलबाट के निष्कर्षमा पुगिन्छ भने साहित्यमा समकालीनताको अर्थ समय र समाज सापेक्ष हुन्छ । वर्तमान समाजका समस्या, चुनौती र कठिनाइलाई काव्यिक अभिव्यक्ति दिने पछिल्ला एक-दुई दशकयताका कविता नै समकालीन कविता हुन् । विशिष्ट राजनीतिक परिघटनाका कारण २०५२ साललाई समकालीन नेपाली कविताको आरम्भ विन्दु मान्नु उपयुक्त हुन्छ । त्यसयता विकसित परिस्थिति तथा आदिवासी, जनजाति, मधेशी, थारू, दलितलगायत उपेक्षित-उत्पीडित वर्ग र समुदायले गरेका विभिन्न आन्दोलनहरूको राप र तापबाट नेपाली कविता फरक विशिष्टतासहित उपस्थित भएको छ र यो नै समकालीन नेपाली कविताको मुख्य स्वर र प्रवृत्ति हो ।

सांस्कृतिक अर्थात् पहिचानवादी स्वर नै समकालीन नेपाली कविताको मुख्य प्रवृत्ति हो । २०४६ सालको राजनीतिक परिवर्तनले सिर्जना गरेको खुल्ला वातावरणबाट उत्साहित बनेका उत्पीडित-उपेक्षित जाति, वर्ग र क्षेत्रका नागरिकहरूले २०५२ पछिको नयाँ परिवेशबाट थप ऊर्जा प्राप्त गरे । त्यसपछिका परिघटनाहरूले नेपाली कविताको प्रवृत्तिमै महत्त्वपूर्ण र उल्लेख्य परिवर्तन ल्याइदिए । जातीय पहिचान र अस्तित्वको दाबी गर्नु, जबर्जस्ती घोकाइएका इतिहासप्रति प्रश्न गर्नु तथा राज्यमा सबै समुदायको प्रतिनिधित्व र पहुँच स्थापित हुनुपर्ने माग गर्नु यी कविताका मुख्य प्रवृत्ति हुन् ।

**सन्दर्भग्रन्थसूची**

गिरी, अमरसमेत (सम्पा.) (२०७२), *प्रज्ञा समकालीन नेपाली कविताविमर्श,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गिरी, अमर (२०७३), *समकालीन नेपाली कविताको वैचारिक परिप्रेक्ष्य,* काठमाडौँ : साझा प्रकाशन ।

गिरी, अमर (सम्पा.) (२०७३), *काव्यविमर्श,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गिरी, मधुसूदन (२०७३), "समकालीन कवितामा राजनीतिक चेतना", *काव्यविमर्श,* अमर गिरी (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), *समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण,* काठमाडौँ : साझा प्रकाशन

गौतम, लक्ष्मणप्रसाद (२०६८), *राजनीतिक आन्दोलन र समकालीन नेपाली कविता,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव, दैवज्ञराज न्यौपाने, केशव सुवेदी (सम्पा.) (२०६५), *नेपाली कविता भाग ४* (पाँ.सं), ललितपुरः साझा प्रकाशन ।

पाठक, युग (२०७४), *माङ्गेना,* काठमाडौँ : फाइन प्रिन्ट ।

बस्नेत, वसन्त (२०७०), "दशक ६० को सौन्दर्य", *नागरिक दैनिक* (चैत २९, शनिबार) ।

भट्टराई, बाबुराम (२०५५), *राजनैतिक अर्थशास्त्रको आँखीझ्यालबाट,* काठमाडौँ : उत्प्रेरक प्रकाशन प्रा.लि. ।

भट्टराई, गोविन्दराज (२०७१), *उत्तरआधुनिक विमर्श* (दो.सं.), काठमाडौँ : ओरिएन्टल पब्लिकेशन हाउस ।

मुकारुङ, राजन (२०६६), "कवितामा प्रयोग भएका किरात शब्द, बिम्ब र मिथकहरूबारे", *बादी विज्ञप्ति* (कविता सङ्ग्रह, कवि प्रगति राई), हङकङ : सृजनशील साहित्य समाज ।

मुकारुङ, राजन (२०७१), *फेरिँदो सौन्दर्य,* काठमाडौँ : फिनिक्स बुक्स ।

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग* (दो.सं.), काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

सिंह, नामवर (सन् २०१८), *कविता के नए प्रतिमान,* नयाँ दिल्ली : राजकमल प्रकाशन ।

सुब्बा, थाम्सुहाङ पुष्प (२०६८), "उत्तरवर्ती सोच र वर्तमान सन्दर्भ", *विमर्श* (वर्ष १, अङ्क १) ।

सुवेदी, अभि (२०६८), "आजको युवा लिम्बू काव्यमा निजत्व र पहिचानको सिर्जनात्मक द्वन्द्व", *विमर्श* (वर्ष १, अङ्क १)